२०७८।११।२३

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्रको सारसंक्षेप

विषय : नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम अन्तरिम आदेश, परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाऊँ ।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने वर्ष २३ को रुक्शना कपाली .................१ 9808262699 — निवेदक

विरुद्ध

राहदानी विभाग, कान्तिपथ, काठमाडौं समेत ...................................१ — विपक्षी

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १२ एवं धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. रिट निवेदनको व्यहोरा : लैङ्गिक पहिचान विपरीतको राहदानी तथा विश्वको कुनै देशमा मान्यता नभएको अन्यलिङ्गी राहदानी भएका कारणले त्रासपूर्ण र आत्मसम्मानहीन यात्रा गर्न बाध्य भएको भन्ने व्यहोरा ।

२. संवैधानिक तथा कानूनी प्रश्न : धारा १२, १६, १७, १८, ३३ र ३८ ।

३. माग गरिएको उपचार :

- लैङ्गिक पहिचान विपरीतको राहदानी भएकाले प्रत्येक यात्रामा अनावश्यक हैरानी, आत्मसम्मानमा चोट पुग्ने प्रकारको अनुभव र असुरक्षित महसुस गर्नका साथै विश्वको कुनै देशमा रीड नै नहुने राहदानीले यात्रा गर्नुपरेको अवस्थामा तत्काल सम्बोधन नगर्दा म निरन्तर असुरक्षित आत्मसम्मान विहीन भई यात्रा गर्न बाध्य भइरहने तथा विभिन्न प्रकारका अंकुश भोग्न बाध्य भइरहने हुँदा पुग्ने अपूरणीय क्षतीका कारण सर्वोच्च अदालत नियमावली,

२०७४ को नियम ४९ बमोजिम अन्यलिङ्गी उल्लेख भएको मिति २० September २०१८ मा जारी भएको राहदानी नं ११५००८२२ को राहदानीलाई रद्द गरी महिला उल्लेख भएको मिति १६ Jan २०१७ मा जारी भएको राहदानी नं १०२०३६४२ को राहदानीलाई निरन्तरता दिन दिलाउन भनि विपक्षी राहदानी विभाग तथा जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ ।

- पारलैङ्गिक महिला (Transgender female) हरूले लैङ्गिक पहिचान अनुसार F उल्लेख भएको तथा पारलैङ्गिक पुरुष (Transgender male) हरूले लैङ्गिक पहिचान अनुसार M उल्लेख भएको राहदानी प्राप्त गर्न सक्ने प्रावधान मिलाउन भनि विपक्षी राहदानी विभाग र नेपाल सरकारको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ ।
- महिला र पुरुष बाहेकको लैङ्गिक पहिचान भएका व्यक्तिहरूले लैङ्गिक पहिचान अनुसार अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघको मापदण्ड बमोजिम X उल्लेख भएको राहदानी प्राप्त गर्न सक्ने प्रावधान मिलाउन भनि विपक्षी राहदानी विभाग र नेपाल सरकारको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ ।

सार-संक्षेपिकरण प्रस्तुतकर्ता

नेपाल संवत् ११४२ साल चिला महिना १९ गते

इति संवत् २०७८ साल फागुन महिना २३ गते रोज २ शुभम्.............